# राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६

प्रस्तावना : राष्ट्रिय प्राथमिकता प्राप्त योजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त विद्युत प्रशारण लाईन विस्तार सम्बन्धी योजना सञ्चालन गर्न राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने सम्बन्धी विषयलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

वन ऐन, २०४९ को दफा ७२क ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो मापदण्ड सहितको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले वन ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले ऐनको दफा ६६क. बमोजिमको वन विकास कोष सम्झनु पर्छ ।

(ग) "खूद वर्तमान मूल्य" भन्नाले योजनाले प्रयोग गर्ने राष्ट्रिय वन क्षेत्रको विभिन्न रुख बिरुवाको प्रजाति, घनत्व लगायत पारिस्थितिकीय सेवा समेतलाई विचार गरी निर्धारण गरिएको रकम सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले वन नियमावली, २०५१ सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(च) "योजना" भन्नाले राष्ट्रिय योजना आयोगले निर्धारण गरेको राष्ट्रिय प्राथमिकता प्राप्त योजनासम्बन्धी मापदण्ड बमोजिमको राष्ट्रिय प्राथमिकता प्राप्त योजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त विद्युत प्रशारण लाईन विस्तार सम्बन्धी योजना सम्झनु पर्छ । साथै यो शव्दले राष्ट्रिय योजना आयोगले निर्धारण गरेको राष्ट्रिय प्राथमिकता प्राप्त योजनासम्बन्धी मापदण्ड अन्तर्गत परेका सार्वजनिक, निजी र सार्वजनिक निजी साझेदारी योजना समेतलाई जनाउँछ ।

(छ) "वन कार्यालय" भन्नाले डिभिजन वन कार्यालय सम्झनु पर्छ ।

(ज) "विभाग" भन्नाले वन तथा भू-संरक्षण विभाग सम्झनु पर्छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## परिच्छेद-२

## वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने

३. राष्ट्रिय वन क्षेत्र नपर्ने गरी सम्भाव्यता अध्ययन गर्नु पर्ने : (१) योजनासँग सम्बन्धित मन्त्रालयले योजनाको सम्भाव्यता अध्ययन गर्दा सम्भव भएसम्म राष्ट्रिय वन क्षेत्र नपर्ने गरी सम्भाव्यता र विकल्पको अध्ययन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा राष्ट्रिय वन क्षेत्र नै प्रयोग गर्नु पर्ने भएमा अति आवश्यक पर्ने न्यूनतम वन क्षेत्र मात्र प्रयोग गर्ने वा न्यूनतम रूख बिरुवा हटाउनु पर्ने विकल्पको छनौट गर्नु पर्नेछ ।

४. वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने : (१) दफा ३ बमोजिमको अध्ययनबाट योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नु पर्ने देखिएमा योजनासँग सम्बन्धित मन्त्रालयले त्यस्ता योजना कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावका सम्बन्धमा वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन आवश्यक नपर्ने साना योजनाको हकमा मन्त्रालयले तोकेको ढाँचामा सम्बन्धित मन्त्रालयले स्थलगत सर्वेक्षण गरी योजना कार्यान्वयन गर्दा वातावरणमा प्रभाव पर्ने वा नपर्ने विषयमा यकिन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिएको सर्वेक्षणबाट योजना कार्यान्वयन गर्दा वातावरणमा प्रभाव पर्ने देखिएमा सम्बन्धित मन्त्रालयले क्षति न्यूनीकरणका आवश्यक उपायहरू (मिटिगेशन मिजर्स) समेत समावेश भएको वातावरणीय व्यवस्थापन योजना सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) योजनाको लागि राष्ट्रिय वन प्रयोग गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयले प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्नु अघि सो विषयमा मन्त्रालयको सहमति लिनु पर्नेछ ।

५. राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति माग गर्ने : (१) दफा ३ बमोजिम सम्भाव्यता र विकल्पको अध्ययन गर्दा योजना सञ्चालन गर्न राष्ट्रिय वन क्षेत्र नै आवश्यक पर्ने भएमा योजनासँग सम्बन्धित मन्त्रालयले त्यस्तो राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने स्वीकृतिको लागि देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी मन्त्रालयमा लेखी पठाउनु पर्नेछ :-

(क) राष्ट्रिय वन क्षेत्र आवश्यक पर्ने तथ्यपरक कारण र औचित्य,

(ख) कुनै निकायबाट अनुमतिपत्र जारी भएको योजना भए त्यस्तो अनुमतिपत्रको प्रतिलिपि,

(ग) योजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) लगायतका स्वीकृत कार्यक्रम सम्बन्धी कागजात,

(घ) दफा ३ बमोजिमको सम्भाव्यता र विकल्प अध्ययन प्रतिवेदन,

(ङ) दफा ४ को उपदफा (१) वा (३) बमोजिम तयार गरिएको प्रतिवेदन ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने स्वीकृतिका लागि लेखी पठाउँदा सम्बन्धित मन्त्रालयले त्यस्तो योजना राष्ट्रिय प्राथमिकता प्राप्त योजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त विद्युत प्रशारण लाईन विस्तार सम्बन्धी योजनाको रूपमा रहेको र सो योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न आवश्यक रहेको भन्ने पुष्टि हुने कागजात संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त कागजात अध्ययन गर्दा प्रस्तावित योजनामा कुनै कुरा परिमार्जन गर्दा कम वन क्षेत्र प्रयोग हुने वा कम रूख कटान हुने देखिएमा मन्त्रालयले सम्बन्धित मन्त्रालयलाई सो व्यहोरा खुलाई पुनर्विचारका लागि लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयबाट लेखी आएमा सम्बन्धित मन्त्रालयले योजनाको लागत र प्रतिफलसमेतका आधारमा सो कुरा उपर विचार गरी आवश्यकता अनुसार योजना परिमार्जन गरी राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने स्वीकृतिका लागि पुनः मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

६. <u>वन कार्यालयबाट विवरण माग गर्ने</u> : (१) दफा ५ बमोजिम कुनै योजनाको लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्ने स्वीकृतिको लागि लेखी आएमा मन्त्रालयले देहायका विवरण सहितका कागजात पठाउन विभागमार्फत सम्बन्धित वन कार्यालयमा लेखी पठाउनेछ :-

(क) योजनालाई प्रयोग गर्न दिनु पर्ने राष्ट्रिय वन क्षेत्रको स्थलगत विवरण, क्षेत्रफल, चारकिल्ला र जिपिएस कोर्डिनेट खुलेको नापनक्सा, नापी सिट नम्बर, कित्ता नम्बर, भौगोलिक क्षेत्र, वनको किसिम, वनको किसिम अनुसार क्षेत्रफल लगायतका विवरण,

(ख) योजना कार्यान्वयन गर्दा प्रयोग हुने राष्ट्रिय वन क्षेत्रबाट हटाउनु पर्ने रूख बिरुवाको नियमावलीको अनुसूची-७ बमोजिमको लगत सहितको विवरण ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित वन कार्यालयले स्थलगत अवलोकन समेत गरी तीस दिनभित्र त्यस्तो विवरण सहितको कागजात विभागमार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण सहितको कागजात पठाउँदा कुनै योजनाको लागि माग भएको राष्ट्रिय वन क्षेत्र समुदायमा आधारित उपभोक्ता समूहबाट व्यवस्थापन भइरहेको राष्ट्रिय वन क्षेत्र भएमा त्यस्तो समूहले दिएको सहमति समेत संलग्न राखी पठाउनु पर्नेछ ।

७. <u>नेपाल सरकारले स्वीकृति दिने</u> : (१) दफा ६ बमोजिम प्राप्त भएको विवरण सहितको कागजात जाँचबुझ गर्दा योजना कार्यान्वयनको लागि कुनै राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न आवश्यक र उपयुक्त देखिएमा मन्त्रालयले स्वीकृतिको लागि नेपाल सरकारसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव मनासिब देखिएमा नेपाल सरकारले योजनाको लागि प्रस्तावित राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न र त्यस्तो क्षेत्रबाट रूख विरूवा तथा अन्य वनपैदावार हटाउनु पर्ने भएमा सो समेत हटाउन स्वीकृति दिनेछ ।

परिच्छेद-३

सट्टा जग्गा वा रकम उपलब्ध गराउने

८. सट्टाभर्ना स्वरूप जग्गा उपलब्ध गराउनु पर्ने : (१) दफा ७ को उपदफा (२) बमोजिम कुनै योजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय भएमा योजना कार्यान्वयन गर्दा राष्ट्रिय वन क्षेत्रको भू-उपयोग स्थायी रूपमा परिवर्तन हुने गरी प्रयोग हुने क्षेत्रफल भन्दा कम नहुने गरी सम्बन्धित योजनाले सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सट्टाभर्ना स्वरूप उपलब्ध गराउने जग्गा योजना रहेको ठाउँबाट सबैभन्दा नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र सम्भव भएसम्म समान भू-बनोट र समान भौगोलिक क्षेत्रमा रहेको तथा वनको विकास गर्न सकिने स्थानमा हुनु पर्नेछ ।

(३) सरकारी योजनाको हकमा सट्टाभर्ना स्वरूप उपलब्ध गराउनु पर्ने जग्गा वापतको रकम आयोजनाको लागत ईष्टिमेटमा नै समावेश गर्नुपर्नेछ । लागत ईष्टिमेटमा समावेश नभएका निर्णय प्रकृयामा रहेका सरकारी योजनाको हकमा सट्टाभर्ना स्वरूप उपलब्ध गराउनु पर्ने जग्गा वापतको रकम अर्थ मन्त्रालयले उपलब्ध गराउनेछ ।

९. वन क्षेत्र प्रयोग गरे बापत रकम बुझाउन सक्ने : (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ बमोजिम राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति प्राप्त योजनाले सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध गराउन नसक्ने भएमा सोही व्यहोरा उल्लेख गरी सट्टाभर्ना गराउन नसकेको जग्गा बापत यस परिच्छेद बमोजिम निर्धारण भएको रकम उपलब्ध गराउने स्वीकृतिको लागि मन्त्रालयमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनका साथ देहाय बमोजिमका विवरण एवं कागजात संलग्न गर्नु पर्नेछ :-

(क) राष्ट्रिय वन क्षेत्र प्रयोग गरे बापत जग्गा सट्टाभर्ना दिन नसकिने अवस्थाको तथ्यपरक कारण र औचित्य,

(ख) सम्बन्धित निकायबाट अनुमतिपत्र जारी भएको योजना भए अनुमतिपत्रको प्रतिलिपि,

(ग) नेपाल सरकारबाट राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने सम्बन्धी निर्णयको जानकारी पाएको पत्रको प्रतिलिपि,

(घ) विभागसँग सम्झौता भइसकेको भए उक्त सम्झौताको प्रतिलिपि,

(ङ) योजनाको प्रवर्द्धकको सञ्चालक समिति वा सो सरहको अधिकार प्रयोग गर्ने कार्यकारी निकायबाट भएको निर्णयको प्रतिलिपि ।

१०. रकम निर्धारण गर्ने प्रक्रियाः (१) दफा ९ बमोजिम प्राप्त भएको निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब लागेमा त्यस्तो योजनाले वन क्षेत्र प्रयोग गरे बापत बुझाउनु पर्ने रकम निर्धारण गर्ने प्रयोजनको लागि मन्त्रालयले निवेदन सहितको कागजात विभाग मार्फत सम्बन्धित वन कार्यालयमा पठाउनु पर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम निवेदन सहितको कागजात प्राप्त भएपछि सम्बन्धित वन कार्यालयको प्रमुखले त्यस्तो योजनाले प्रयोग गर्ने वन क्षेत्रको स्थलगत निरीक्षण एवं जाँचबुझ गरी अनुसूची-१ बमोजिमको मूल्याङ्कन तालिकामा रहेको वनको प्रकृतिसँग तुलना गरी वनको किसिम अनुसार योजनाले प्रयोग गर्ने वन क्षेत्रको खूद वर्तमान मूल्य पहिचान एवं कूल रकम निर्धारण गरी त्यस्तो निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र दफा ११ को उपदफा (१) बमोजिमको जिल्ला रकम निर्धारण समिति समक्ष सिफारिस सहितको मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९ बमोजिम प्राप्त निवेदन तथा कागजात जाँचबुझ गर्दा वनको किसिम अनुसार अनुसूची-१ बमोजिमको उच्च दरको मूल्य तिर्नु पर्ने देखिएको योजनाको हकमा वा कुनै योजनाको प्रवर्द्धकले वनको किसिम अनुसार अनुसूची-१ बमोजिमको उच्च दरको रकम तिर्न मञ्जुर गरेमा मन्त्रालय आफैंले रकम निर्धारण गर्न सक्नेछ।

(४) अनुसूची-१ मा उल्लिखित मूल्याङ्कन तालिका प्रत्येक दुई वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

११. <u>रकम निर्धारण जिल्ला समितिः</u> (१) यस कार्यविधि बमोजिम कुनै योजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिए बापत प्राप्त गर्ने रकम निर्धारण गर्ने सम्बन्धमा प्रत्येक जिल्लामा देहाय बमोजिमको रकम निर्धारण जिल्ला समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) सम्बन्धित नापी कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित मालपोत कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित नगरपालिका वा गाउँपालिकाको सम्बन्धित वडा अध्यक्ष -सदस्य

(च) सम्बन्धित योजनाको आधिकारिक प्रतिनिधि -सदस्य

(छ) सम्बन्धित डिभिजनल वन अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको जिल्ला रकम निर्धारण समितिले दफा १० को उपदफा (२) बमोजिम सम्बन्धित वन कार्यालयले पेश गरेको मूल्याङ्कन प्रतिवेदन अध्ययन तथा आवश्यकता अनुसार जाँचबुझ गरी योजनाले प्रयोग गर्ने वन क्षेत्रको खूद वर्तमान मूल्य निर्धारण गरी पन्ध्र दिन भित्र सिफारिस सहित विभागमा पठाउनु पर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

१२. <u>रकम बुझाउन स्वीकृति दिन सक्ने</u>: (१) दफा ११ को उपदफा (२) बमोजिम सिफारिस प्राप्त भएमा विभागले प्राप्त कागजात अध्ययन गरी सात दिन भित्र आफ्नो राय सहित स्वीकृतिको लागि मन्त्रालयमा पठाउनु पर्नेछ र त्यसरी विभागको राय सहित प्राप्त कागजात अध्ययन गर्दा व्यहोरा मनासिब लागेमा मन्त्रालयले त्यस्तो योजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोग गरे बापत रकम बुझाउन स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) तथा दफा १० को उपदफा (३) बमोजिम रकम बुझाउन स्वीकृति दिएकोमा सोको जानकारी मन्त्रालयले यथाशीघ्र विभाग तथा सम्बन्धित प्रवर्द्धकलाई दिनु पर्नेछ ।

१३. <u>रकम बुझाउने समय सीमा</u>: दफा १० को उपदफा (३) वा दफा १२ को उपदफा (१) बमोजिम रकम बुझाउन स्वीकृति दिएको जानकारी प्राप्त भए पछि स्वीकृत रकम सम्बन्धित योजनाले तीन महिना भित्र कोषको खातामा जम्मा गर्नु पर्नेछ ।

१४. <u>सम्झौता गर्ने</u> : (१) दफा ७ को उपदफा (२) बमोजिम योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने गरी नेपाल सरकारले स्वीकृति दिएकोमा सम्बन्धित योजनाको प्रवर्द्धकले दफा ८ बमोजिम सट्टाभर्ना जग्गा उपलब्ध गराएमा वा रकम बुझाउन स्वीकृति पाएकोमा दफा १३ बमोजिमको समय भित्र त्यस्तो रकम बुझाएमा विभागले सम्बन्धित योजनाको प्रवर्द्धकसँग राष्ट्रिय वन क्षेत्र प्रयोग गर्दा पालना गर्नु पर्ने शर्त समेत उल्लेख गरी अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ र यसरी भएको सम्झौताको आधारमा अनुसूची-३ बमोजिमको ढाँचामा पट्टा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौताको पालना भए नभएको सम्बन्धमा विभाग आफैंले वा सम्बन्धित वन कार्यालयबाट नियमित अनुगमन गराउनेछ ।

(३) कुनै योजनाले उपदफा (१) बमोजिमको सम्झौताका शर्त पालना नगरेमा मन्त्रालयले अवधि तोकी त्यस्तो शर्त पालना गर्न सम्बन्धित योजनालाई निर्देशन दिनेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु त्यस्तो योजनाको कर्तव्य हुनेछ ।

(४) कुनै योजनाले सम्झौताका शर्त वा उपदफा (४) बमोजिम दिएको निर्देशनको पालना नगरेमा मन्त्रालयले त्यस्तो योजनाले प्रयोग गरेको राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नबाट रोक लगाउन वा राष्ट्रिय वन क्षेत्र अतिक्रमण गरेको आधारमा प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

१५. <u>सम्झौता गरिसकेको योजनाले रकम बुझाउन सक्ने</u>: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागू हुनु अघि सट्टाभर्ना स्वरूप जग्गा उपलब्ध गराउने गरी विभागसँग सम्झौता भइसकेको योजनाले हालसम्म पनि सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध गराउन नसकेको र सट्टाभर्ना जग्गा उपलब्ध गराउन नसक्ने कारण खोली सोको सट्टा रकम बुझाउन यो कार्यविधि प्रारम्भ भएको तीन महिना भित्र मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा दफा ९, १०, ११ र १२ बमोजिमको प्रक्रिया पूरा गरी मन्त्रालयले त्यस्तो योजनालाई रकम बुझाउन स्वीकृति दिन सक्नेछ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(३) उपदफा (२) बमोजिम सम्बन्धित योजनालाई रकम बुझाउन स्वीकृति दिइएमा सम्बन्धित योजनाले सो बमोजिमको रकम दफा १३ बमोजिमको समयभित्र कोषको खातामा जम्मा गर्नु पर्नेछ र यसरी रकम जम्मा भए पछि विभागसँग वन क्षेत्र प्रयोग गर्ने सम्बन्धमा पहिले गरेको सम्झौतामा परिमार्जन गरिनेछ ।

१६. अस्थायी रूपमा राष्ट्रिय वन क्षेत्र प्रयोग गरे बापतको दस्तुर सम्बन्धी व्यवस्था : अस्थायी रूपमा राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने योजनाले नियमावलीको अनुसूची-२० मा कबुलियती वनको उद्योगका लागि तोकिएको दस्तुर बराबरको रकम वार्षिक वृद्धिसमेत समावेश गरी नियमित रूपमा कोषमा जम्मा गर्नु पर्नेछ ।

तर,

(१) नेपाल सरकार, प्रदेश वा स्थानीय तहको स्वीकृत बजेटको स्रोतबाट सञ्चालन हुने सरकारी योजनाको हकमा यस्तो दस्तुर लाग्ने छैन ।

(२) मुनाफा आर्जन नगर्ने उद्देश्यले सञ्चालित योजनाको लागि नेपाल सरकारले यस दफा बमोजिमको दस्तुर नलाग्ने गरी छुट दिन सक्नेछ ।

## परिच्छेद-४

## वृक्षरोपण, वातावरण तथा वन पैदावार व्यवस्थापन

१७. वन पैदावार व्यवस्थापन तथा वृक्षरोपण गर्नु पर्ने : (१) दफा ७ को उपदफा (२) बमोजिम कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न र सो क्षेत्रबाट रूख, विरूवा तथा अन्य वन पैदावार हटाउन स्वीकृति पाएकोमा सो योजनाले त्यस्तो रूख, बिरूवा तथा अन्य वन पैदावार आफ्नै लागत खर्चमा कटान, मुछान र घाटगद्दी गरी सम्बन्धित वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) योजना कार्यान्वयन गर्न राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गरे बापत कुनै योजनाले दफा ८ बमोजिम जग्गा सट्टाभर्ना दिएकोमा सो जग्गामा वा दफा १३ बमोजिम रकम बुझाएकोमा योजना कार्यान्वयनको लागि प्रयोग भएको वन क्षेत्रको जग्गा भन्दा कम नहुने गरी वन कार्यालयले तोकेको जग्गामा मन्त्रालयको स्वीकृत मापदण्ड (नर्मस्) बमोजिम योजनाले वृक्षरोपण गर्नु पर्नेछ ।

(३) योजना कार्यान्वयन गर्दा रूखविरूवा समेत हटाइने भएमा त्यस्तो रूखविरूवाको दश गुणाको दरले सम्बन्धित वन कार्यालयले तोकेको जग्गामा योजनाले वृक्षरोपण गर्नु पर्नेछ। सरकारी योजनाको हकमा वृक्षरोपण वापतको रकम आयोजनाको लागत ईष्टिमेटमा नै समावेश गर्नुपर्नेछ ।

(४) योजनाले सम्बन्धित वन कार्यालयको समन्वयमा उपदफा (२) र (३) बमोजिम वृक्षरोपण गरेको रूखविरूवाको पाँच वर्षसम्म स्याहार, सम्भार र रेखदेख गर्नु पर्नेछ र पाँच वर्षपछि त्यस्ता रूख बिरुवा सम्बन्धित वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि वृक्षरोपण, स्याहार, सम्भार वा रेखदेख गर्न नसक्ने योजनाले सो बापत मन्त्रालयको स्वीकृत मापदण्ड (नर्मस्) अनुसार



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

लागत ईष्टिमेट गरी सम्बन्धित वन कार्यालयद्वारा स्वीकृत गराई त्यस्तो लगत ईष्टिमेट बमोजिमको रकम कोषमा उपलब्ध गराउनु पर्नेछ।

१८. क्षति न्यूनीकरणका उपाय अपनाउनु पर्ने : योजना कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको क्षति न्यूनीकरणका उपायहरू योजनाले आफ्नै खर्चमा अनिवार्य रूपमा अपनाउनु पर्नेछ ।

## परिच्छेद-५
## विविध

१९. अनुगमन गर्न तथा निर्देशन दिन सक्नेः (१) यस कार्यविधि बमोजिम गर्नु पर्ने काम भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्न सक्नेछ ।

(२) मन्त्रालयले वन क्षेत्र प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित योजनालाई जुनसुकै बखत सुधारका लागि आवश्यक सुझाव तथा निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित योजनाको कर्तब्य हुनेछ।

२०. अनुसूचीमा हेरफेर गर्न सक्नेः मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

२१. खारेजी र बचाउ : (१) राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा १० सँग सम्बन्धित)

वन क्षेत्रको कूल खूद वर्तमान मूल्यको मूल्याङ्कन तालिका

| वनको किसिम | वनको प्रजाति, किसिम र गुणस्तर अनुसार प्रति हेक्टर खूद वर्तमान मूल्य रू. | | |
|---|---|---|---|
| | कमसल | मध्यम | उच्च |
| तराई, चूरे, भित्रीमधेशको साल वन | १५,००,०००।- | १५,७५,०००।- | १६,५३,७५०।- |
| खयर सिसौको वन | १२,००,०००।- | १२,६०,०००।- | १३,२३,०००।- |
| अन्य नदी किनाराको वन | ११,५०,०००।- | १२,०७,५००।- | १२,६७,८७५।- |
| अस्ना, कर्मा र अन्य प्रजातिको वन | १४,००,०००।- | १४,७०,०००।- | १५,४३,५००।- |
| पहाडको साल वन | १४,५०,०००।- | १५,२२,५००।- | १५,९८,६२५।- |
| सल्लाको वन | १२,५०,०००।- | १३,१२,५००।- | १३,७८,१२५।- |
| कटुस चिलाउनेको वन | ११,५०,०००।- | १२,०७,५००।- | १२,६७,८७५।- |
| उत्तीसको वन | १०,५०,०००।- | ११,०२,५००।- | ११,५७,६२५।- |
| सिरिस टुनी र अन्य चौडापाते वन | १०,००,०००।- | १०,५०,०००।- | ११,०२,५००।- |
| खस्रुको वन | १३,००,०००।- | १३,६५,०००।- | १४,३३,२५०।- |
| मिश्रीत चौडापाते वन | १३,१०,०००।- | १३,७५,५००।- | १४,४४,२७५।- |
| लालिगुराँसको वन | १३,७५,०००।- | १४,४३,७५०।- | १५,१५,९३८।- |
| धूपी सल्लाको वन | १६,००,०००।- | १६,८०,०००।- | १७,६४,०००।- |
| अन्य प्रजातिको वन | ११,५०,०००।- | १२,०७,५००।- | १२,६७,८७५।- |
| चरन क्षेत्र र फाटफुट रूख भएको वन | १०,००,०००।- | | |

द्रष्टव्यः-

०.२५ हेक्टरसम्मको वनलाई छुट्टै एकाइ मानी गणना गर्न सकिनेछ ।

*वनको गुणस्तर निर्धारण गर्ने मापदण्ड*

कमसल वनः प्रति हेक्टर २५ देखि १०० वटासम्म रूख तथा पोलहरू भएको वन क्षेत्र ।

मध्यम खालको वनः प्रति हेक्टर १०१ देखि २०० वटासम्म रूख तथा पोलहरू भएको वन क्षेत्र ।

उच्चकोटीको वनः प्रति हेक्टर २०१ भन्दा बढी रूख तथा पोलहरू भएको वन क्षेत्र ।

चरन क्षेत्र र फाटफुट रूख भएको वनः प्रति हेक्टर २५ भन्दा कम रूख तथा पोलहरू भएको घाँसे मैदान र ढुङ्गा/चट्टान भएको वन क्षेत्र ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

<u>राष्ट्रिय वनक्षेत्र प्रयोग गर्दा सम्बन्धित योजनासँग वन तथा भू-संरक्षण विभागले गर्ने सम्झौताको ढाँचा</u>

................................................................................................ लाई राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न दिन र सोमा रहेका रुखहरु हटाउने सम्बन्धी वन तथा भू-संरक्षण विभाग र ................................................................................................ बीच भएको सम्झौता पत्र २०....

सम्झौता पत्र

वन ऐन २०४९ को दफा ६८ अनुसार.........................................................................................बाट निर्माण प्रस्ताव गरीएको ......................................................निर्माण कार्यका लागी तपसिलका शर्तहरु पालना गर्ने गरी ....... जिल्लाको ........ (वनको नाम उल्लेख गर्ने) वन गरी जम्मा ......हेक्टर (स्थायी......हेक्टर र अस्थायी.....हेक्टर) राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न र तहाँ रहेका लगत बमोजिम विभिन्न प्रजातिका रुख ...... वटा, पोल .....वटा र विरूवा ..... वटा गरी जम्मा ....... वटा रुखविरुवाहरु हटाउन स्वीकृति दिने भनी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति ....................... मा निर्णय भए बमोजिम तपसीलको बिबरण रहेको राष्ट्रिय वन क्षेत्र वन ऐन, २०४९, वन नियमावली, २०५१ तथा अन्य प्रचलित कानून बमोजिम निम्न शर्तहरूको अधीनमा रही प्रयोग गर्न गराउन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग (यसपछि विभाग भनिएको) र ................................................................................................योजना (यसपछि योजना भनिएको) बीच दुवै पक्ष सहमत भएकाले यो सम्झौता गरी १/१ प्रति लियौं/दियौं ।

शर्तहरू:–

१. नेपाल सरकार, मन्त्रिपरिषदको मिति .................. को स्वीकृत प्रस्तावमा संलग्न अनुसूचीमा तोकिएका सम्पूर्ण शर्तहरू उल्लेख गर्ने ।

२. वन ऐन, २०४९, वन नियमावली, २०५१ तथा अन्य प्रचलित कानूनहरूका सम्बन्धित शर्तहरू उल्लेख गर्ने ।

३. अन्य आवश्यक शर्तहरू उल्लेख गर्ने ।

....................................आयोजनाको तर्फबाट

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय,
वन तथा भू-संरक्षण विभागको तर्फबाट

इति सम्बत् २०..... साल ...... महिना ........ गते रोज .................. मा शुभम् ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

<u>वनक्षेत्र प्रयोग गर्न दिने पट्टाको ढाँचा</u>

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन तथा भू– संरक्षण विभाग

वन ऐन, २०४९ को दफा ६८ को अधीनमा रही देहायको राष्ट्रिय वन क्षेत्र प्रयोग गरी योजना सञ्चालन गर्न ..............................................................................लाई यो राष्ट्रिय वनक्षेत्र प्रयोगको प्रयोजन पट्टा दिईएको छ ।

१. सम्बन्धित सङ्गठित संस्था/उद्योग/समुदायको :-
   (क) नाम, थर :-
   (ख) ठेगाना :-
२. अनुमति दिईएको राष्ट्रिय वनको :-
   (क) ............प्रदेश...............जिल्ला...............नगरपालिका/गाउँपालिका वडा नं. ...........
   (ख) चारकिल्ला :-
   (ग) वनको किसिम (अनुसूची– १ बमोजिम) :-
   (घ) जम्मा क्षेत्रफल :-
   स्थायी क्षेत्रफल :- अस्थाई क्षेत्रफल :-
३. अनुमति पाएको अवधि :-
४. कूल खूद वर्तमान मूल्य :-
५. पट्टा प्रदान गरेको मिति :-

..............................

महानिर्देशक

वन तथा भू-संरक्षण विभाग

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं